नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९,    स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३    अंक ११४    २०८० साल मंसिर १६ गते शनिबार (2 Dec. 2023 Saturday)    मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : समुदायको नेतृत्वमा एड्स ३ पृष्ठमा : मधेस प्रदेशसभामा रिक्त दुई ... ३ पृष्ठमायुद्धविरामको समयसीमा सकिएसँग...

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

## राष्ट्रिय सभा सदस्य निर्वाचन माघ ११ मा

**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

निर्वाचन आयोगले राष्ट्रिय सभा सदस्यको निर्वाचनका लागि माघ ११ गतेको मिति तय गरेको छ ।

निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलले शुक्रबार एक विज्ञप्ति प्रकाशन गरि उक्त मिति तय भएको जनाएका छन् ।

स्वीकृत कार्यतालिका अनुसार मंसिर २२ गते निर्वाचनमा भाग लिने राजनीतिक दल दर्ताका लागि सूचना प्रकाशन, मंसिर २४ गतेदेखि २९ गतेसम्म राजनीतिक दल दर्ता हुने कार्यक्रम रहेको विज्ञप्तिमा उल्लेख छ ।

यस्तै राजनीतिक दल दर्ता भए पश्चात पुष १ गते राजनीतिक दललाई निर्वाचन चिन्ह प्रदान गरी पुष ४ गते स्वीकृत दलको नामावली नेपाल राजपत्रमा प्रकाशनार्थ पठाइने जनाइएको छ ।

स्वीकृत कार्यतालिका अनुसार पुस १६ गते निर्वाचन अधिकृतको नियुक्ति र सोही दिन सात वटै प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने कार्यक्रम रहेको छ ।

यस्तै पुस २० गतेदेखि २८ गतेसम्म निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन हुने र माघ ११ गते बिहान ९:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म मतदानको कार्य सञ्चालन हुने जनाइएको छ ।

## प्रतिष्ठान निर्माणका लागि युवाहरुले शुक्रबार पनि धर्नालाई दिए निरन्तरता




**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य अविलम्ब सूचारुको माग गत सोमबारदेखी आन्दोलनरत युवाहरुले शुक्रबार पनि दुई घण्टा जिल्ला प्रशासन कार्यालय सप्तरी अगाडी धर्ना दिएका छन् । यसअघि उनीहरुले बिहीबार एक घण्टा धर्ना दिएका थिए ।

सप्तरी युथ नेपालद्वारा गठित आन्दोलन परिचालन समितिको अगुवाईमा प्रशासन कार्यालयको मुल गेटमै दुई घण्टा धर्ना दिइएको हो ।

दुई बर्ष अघि शिलान्यास गरेर

*बाँकी अन्तिम पृष्ठमा*

## मधेश प्रदेशले जित्यो केपी ओली कप



**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

केपी ओली कप टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि मधेश प्रदेशले जितेको छ । शुक्रबार सम्पन्न फाइनल खेलमा त्रिभुवन आर्मी क्लबलाई ११ रनले पराजित गर्दै केपी ओली कप टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि जितेको हो ।

मधेशले दिएको १ सय ३६ रनको लक्ष्य पछ्याएको आर्मीले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय २४ मात्र बनाउन सक्यो । सोमपाल कामी १६ र विवेक यादव अविजित २५ रन बनाए पनि आर्मीलाई जित दिलाउन सकेनन् ।

आर्मीका कप्तान विनोद भण्डारीले ३२, सन्तोष कार्कीले १६, रोहित पौडेलले ५, राजेश बुढामगरले ३, बसिर अहमदले २, भीम सार्कीले २२ रन बनाएर आउट भए ।

बलिङतर्फ मधेसका कप्तान हरिशंकर शाहले सर्वाधिक ४ विकेट लिए । ४ ओभर बलिङ गरेका शाहले १९ रन खर्चेर ४ विकेट लिएका हुन् । प्रदीप पासवान २ र प्रतीक यादव १ विकेट लिए ।

यसअघि पोखरा रंगशालास्थित क्रीकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको मधेसले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ३५ रन बनाएको थियो । मधेसका विशाल पटेलले ४९, कप्तान हरिशंकर शाहले २७, अनिल शाह ६, इम्रान शेखले ८, पवन सराफले ९, हिमान्सु दत्तले १४, विशाल सुस्लिङले १०, प्रदीप पासवानले ४, मायन यादवले ३ रन बनाएका थिए ।

बलिङतर्फ आर्मीका साहब आलम र विवेक यादवले सर्वाधिक ३-३, सोमपाल कामी र बसिर अहमदले १-१ विकेट लिए ।

उपाधि जितेको मधेसले नगद ५ लाख हात पाऱ्यो । फाइनलमा मधेससंग पराजित भएको आर्मीले २ लाख ५० हजारमामा चित्त बुझायो ।

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## जनमत पार्टीको सङ्गठन विस्तार तथा अधिवेशन सुरु

काठमाडौँ, १५ मङ्सिर (रासस) ।

जनमत पार्टीको सङ्गठन विस्तार तथा अधिवेशनको कार्यक्रम शुक्रबारदेखि सुरु गरेको छ । पार्टीको साङ्गठनिक काम कारबाहीलाई अगाडि बढाउन, सङ्गठन विस्तार गरी सशक्त सङ्गठन निर्माणका लागि आगामी वैशाख ३० गतेसम्मको कार्यतालिका सार्वजनिक गरेको हो ।

पार्टीका प्रवक्ता डा सरदसिंह यादवका अनुसार मङ्सिर १५ देखि माघ १५ गतेसम्म सबै वडा अधिवेशन, माघ १५ देखि फागुन १५ गतेसम्म सबै पालिका अधिवेशन पूरा गर्नुपर्नेछ ।

फागुन २० गतेसम्म सबै वडा

*बाँकी तीन पृष्ठमा*

**विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं**

सरकारी निकायले विज्ञापन गर्दा:

- सञ्चारमाध्यमको बीलको आधारमा भुक्तानी गरौं।
- विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चारमाध्यमको बीलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा मात्र भुक्तानी गरौं।
- भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### वर्षको सूरुवातदेखी नै अग्रसरता देखाउ

कुनै पनि चालु आ.ब.को १० महिनासम्म काम नगर्ने तर, एकदेखी २ महिनाको अवधीमा सम्पूर्ण काम सम्पन्न गर्ने पुरानै परिपाटीलाई निरन्तरता दिइने गरिन्छ । वर्षभरि बजेट निकासा नगरिकन सालको अन्तिम समयमा जसरी भएपनि बजेट सकाउने परिपाटीले विकासको नाममा लुटतन्त्रको बाटो रोजिदैछ । विगतमा पनि त्यही परिपाटी र अहिले पनि त्यही बाटो रोजेर गरिने कार्यप्रति सबै चकित परेका छन् । यसले भ्रष्टाचारलाई प्रोत्साहन दिइरहेको देखिन्छ ।

हतार हतारमा गरिने कार्यले गुणस्तरता परैजाओस मात्र बजेट कुम्ल्याउने परिपाटीको क्रमलाई निरन्तरता दिइएको छ । यसरी जनप्रतिनिधिहरु यस्ता विषयमा गम्भिर नहुँदा उनीहरुमाथी विश्वसनियतामा पनि शंका गर्ने ठाउँ रहन्छ । कीन हतार हतारमा बजेट निकासा गरि योजना बाँडफाड गरिन्छ ! यो जनताको मात्र नभएर सबै सरोकारवालाको प्रश्न हो । विकासीय मात्र नभएर अन्य तालिम, गोष्ठी, सेमिनार, सचेतना लगायतका कार्यक्रमहरु पनि वर्षको अन्तिम समयमै गरिन्छ । के वर्षको अन्तिम समयमा यस्ता कार्यक्रमहरु गरिएमा फलदायी हुन्छ त ? यस्ता कार्यक्रमहरु वर्षको सुरुवातमा गर्न सकिए त्यो कार्यान्वयन पनि हुन्छ ।

तसर्थ यस्ता कार्यहरु गर्न गराउन सम्पूर्ण पालिकाहरु गम्भिर भएर वर्षको सूरुवातदेखी नै अग्रसरता देखाउन सके त्यसले कामको चाप घट्नुका साथै अन्य कामहरु समेत प्रभावित हुँदैन र निगरानी गर्न सजिलो हुन्छ ।

# समुदायको नेतृत्वमा एड्स अन्त्य गरिने

**शरद् शर्मा**

काठमाडौं, १५ मङ्सिर (रासस) ।

सरकारले समुदायको नेतृत्वमा नै एड्स तथा एचआइभी सङ्क्रमण अन्त्य गर्ने लक्ष्य लिएको छ । समुदायस्तरमा नै सङ्क्रमितहरू बढी अपहेलित पर्ने भएकाले समुदायलाई एड्स अन्त्य गर्ने अभियानमा सहभागी गराउने भएको छ ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका निर्देशक डा सञ्जयकुमार ठाकुरले समुदायको नेतृत्वमा एड्स अन्त्य गर्नका लागि यस वर्षको नारा नै 'समुदायको नेतृत्वमा एड्स अन्त्य गरौं' राखिएको बताउनुभयो ।

नेपालमा सन् २०३० सम्ममा एड्सलाई अन्त्य गर्नका लागि राष्ट्रिय एचआइभी रणनीतिक योजना २०२१-२०२६ अघि सारिएको छ ।

रणनीतिअनुसार नेपालबाट एड्स अन्त्य गर्नका लागि ९५/९५/९५ अभियान सञ्चालन गरेको छ । "एड्स सङ्क्रमितकै समुदायलाई सक्रिय बनाएर एड्स अन्त्य गर्ने अभियान रहेको छ," उहाँले भन्नुभयो, "समुदायलाई नै अगाडि बढाउँदा एड्सप्रति अपहेलना घट्ने र अन्त्य हुनेछ ।"

झन्डै ९५ प्रतिशतले एचआइभी सङ्क्रमितले आफ्नो सङ्क्रमण थाहा पाउने, ९५ प्रतिशत औषधिको उपचारमा पहुँच र औषधि खानेहरूमध्ये ९५ प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून मात्रामा रगतमा राख्न सक्यो भने उन्मूलन गर्न सकिने उहाँको भनाइ रहेको छ ।

उहाँले ९५/९५/९५ अभियानको ९२ प्रतिशत सफलता प्राप्त गरिसकेको बताउनुभयो । "३० हजार सङ्क्रमितमध्ये हामीले करिब २४ हजार पत्ता लगाइसकेका छौँ," उहाँले भन्नुभयो, "पत्ता लगाएका बिरामीमध्ये ८४ प्रतिशतले नियमित औषधि सेवन गरिरहेका छन् ।" उहाँले औषधि खाइरहेका सङ्क्रमितहरूमा भाइरस रगत एकदम न्यून रहेको छ । "औषधि खाइरहेकामध्ये ९७ प्रतिशतभन्दा बढीको रगतमा भाइरस न्यून मात्रामा रहेको छ," उहाँले भन्नुभयो, "अलिकति जोडबल गर्‍यो भने सन् २०३० सम्म एड्स अन्त्य गर्ने नारा साकार हुन सक्दछ ।"

नेपालमा ९२ प्रतिशतले सङ्क्रमित पत्ता लगाइसकेको, ८४ प्रतिशतले औषधि खाइरकेको र ७२ प्रतिशतको रगतमा भाइरसको भार (भाइरल लोड) न्यून मात्रामा रहेको केन्द्रका निर्देशक डा ठाकुरले जानकारी दिनुभयो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले एचआइभी सङ्क्रमितमाथि अझै पनि समाजमा लाञ्छना र भेद्भाव रहेकाले हटाउन आवश्यक रहेको बताउनुभयो । "अझ पनि समाजमा एचआइभी सङ्क्रमितलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन सकिएको छैन," उहाँले भन्नुभयो, "सङ्क्रमितलाई हेर्ने दृष्टिकोणमा परिवर्तनका लागि हामीले समाजको नेतृत्वलाई नै अगाडि सार्ने अभियानमा रहेका छौं ।"

नेपालमा सन् २०१० को तुलनामा एचआइभीको सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्यामा कमी आएको छ । केन्द्रका निर्देशक डा ठाकुरका अनुसार २०१० को तुलनामा अहिले ८० प्रतिशत मृत्युदर घटेको पाइएको छ । सन् २०२२ मा तीन सय ४४ जनाको एड्सका कारणले मृत्यु भएको थियो । जबकि सन् २०१० मा एक हजार सात सयजनाको मृत्यु भएको थियो । अहिले दैनिक एकजना नयाँ सङ्क्रमित फेला पर्ने गरेका छन्भने एकजना सङ्क्रमितको निधन हुने गरेको छ । अहिले ७७ प्रतिशतको दरले नयाँ सङ्क्रमण घटेको छ ।

नेपालमा सन् २०२२ मा चार सय ८८ जना व्यक्तिमा एचआइभीको नयाँ सङ्क्रमण भएको अनुमान गरिएको छ । जुन २०१० को तुलनामा ७७ प्रतिशतले कम हो । सन् २०२२ मा ५२ जना बालबालिकामा (जन्मेदेखि १४ वर्ष) उमेरमा नयाँ सङ्क्रमण भएको अनुमान गरिएको छ । सन् २०१० मा दुई सय ७७ जना बालबालिकामा सङ्क्रमण भएको थियो । २०१० को तुलनामा नयाँ बालबालिकामा हुने सङ्क्रमण पनि ७७ प्रतिशतले घटेको पाइएको छ ।

सन् २०२२ को अन्त्यसम्म नेपालमा कूल सङ्क्रमितमध्ये २३ हजार दुई सय ९३ जनाले एन्टिरेट्रोभाइरस (एआरभी) उपचार लिइसकेका छन् । यी सङ्ख्या भनेको कूल एचआइभी सङ्क्रमितमध्ये ७८ प्रतिशतले एआरभी उपचार लिइरहेका छन् । कूल सङ्क्रमितमध्ये शून्य दशमलव १२ प्रतिशत सङ्क्रमण वयस्क मानिसमा र ४५ जना १४ वर्षभन्दा मुनिका बालबालिकामा एचआइभी सङ्क्रमण भएको तथ्याङ्कमा देखाइएको छ ।

मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले सरकारले रणनीतिअनुसार एचआइभी एड्सका काम गरिरहेको बताउनुभयो । उहाँले उपचारबाट बाहिर रहेका करिब छ हजार सङ्क्रमितलाई उपचारमा ल्याउने हो भने सरकारले तोकेको लक्ष्य पूरा हुने बताउनुभयो । उपचार गरी भाइरल लोड ठीक भएका सङ्क्रमितको समाजमा घुलमिल भई जीविकोपार्जनसम्बन्धी कार्यक्रम ल्याउन आवश्यक रहेको छ ।

**वैदेशिक रोजगारीमा जानेहरू उच्च जोखिममा**

नेपालमा एचआइभी सङ्क्रमितमध्ये उच्च जोखिममा रहेका समूहमा सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने, यौनकर्मी, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारीका लागि विदेसिने युवाहरू रहेका छन् । तीमध्ये सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने र पुरुष समलिङ्गी यौनकर्मीमा सङ्क्रमण दर अरू जोखिम समूहभन्दा उच्च रहेको छ । सन् २०२० को राष्ट्रिय सर्वेक्षणअनुसार सुईद्वारा लागुपदार्थ प्रयोग गर्नेमा तीन प्रतिशतका दरले एचआइभी सङ्क्रमण रहेको पाइएको छ ।

यस्तै सन् २०१७/१८ मा गरिएको सर्वेक्षणमा महिला यौनकर्मीमा दुई दशमलव दुई प्रतिशत र पुरुष समलिङ्गीमा छ दशमलव दुई प्रतिशतका दरले एचआइभी सङ्क्रमण रहेको पाइएको छ । कोशी, लुम्बिनी तथा सुदूरपश्चिमका जिल्लामा गरिएको सर्वेक्षणले भारतमा काम गर्ने नेपालीमा एचआइभी सङ्क्रमण एक प्रतिशतभन्दा कम रहेको पाइएको छ ।

नेपालमा राष्ट्रिय एचआइभी रणनीतिक योजना २०२१-२०२६ ले निर्देशन गरेअनुरुप उच्च जोखिममा रहेका समूह जस्तै सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने, यौनकर्मी र तिनका ग्राहक, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारका लागि विदेसिने तथा तिनका दम्पती तथा जेलमा रहेका कैदीका लागि एचआइभी रोकथाम कार्यक्रम एवं सङ्क्रमित र प्रभावितका लागि उपचार, हेरचाह तथा सहयोग कार्यक्रम सञ्चालन भइरहेको छ ।

अहिले ६१ जिल्लाका ८५ एआरटी सेन्टरबाट एन्टिरेट्रोभाइरल उपचार निःशुल्क उपलब्ध रहेको छ । देशका सबै जिल्लामा आमाबाट बच्चामा हुने सङ्क्रमण रोकथाम (पिएमटिसिटी) गर्न समुदायमा आधारित पिएमटिसिटी कार्यक्रम सञ्चालनमा छ । यसअन्तर्गत प्रसूति केन्द्रहरूमा गर्भवतीमा एचआइभी निःशुल्क जाँच सुविधा छ । देशका ७७ वटै जिल्लामा अवस्थित स्वास्थ्य संस्थाहरूबाट एचआइभी परामर्श तथा परीक्षण केन्द्र रहेका छन् ।

**सङ्क्रमण रोक्ने चुनौती**

नयाँ एचआइभी सङ्क्रमण रोक्न तथा हालसम्म सेवा नपाएका जोखिम समूहलाई प्राथमिकतामा राखी समयमा नै गुणस्तर सेवाको पहुँच पुऱ्याउनुपर्ने, प्रदेश एवं स्थानीयस्तरमा प्रयोगशालासम्बन्धी सेवाको क्षमता अभिवृद्धि गर्नुपर्ने, मानव संशासन, बजेट, पूर्वाधारको विकास गर्न जरुरी रहेको बताइएको छ ।

यस्तै, नयाँ एचआइभी सङ्क्रमितलाई उपचारका लागि अन्यत्र पठाउने व्यवस्था गरी यथाशीघ्र उपचारको व्यवस्था गर्नुपर्ने देखिन्छ । एचआइभी सङ्क्रमितलाई प्राथमिकतामा राखी सिकिस्त सङ्क्रमित र स्वस्थ सङ्क्रमित केन्द्रित उपचार केन्द्र सञ्चालन गर्नुपर्ने जस्ता चुनौती रहेका छन् । अहिले पनि करिब छ हजार सङ्क्रमित फेला पार्न सकिएको

*बाँकी तीन पृष्ठमा*


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
राजविराज
Mo. No : 9842830252, 9804605569



**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

लक्षण
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय**
**रुपनी, सप्तरी**

# मधेस प्रदेशसभामा रिक्त दुई विषयगत समितिले पायो सभापति

जनकपुरधाम, १४ मङ्सिर (रासस) ।

मधेश प्रदेशसभामा रिक्त दुई वटा विषयगत समितिका सभापति चयन गरिएका छन् ।

प्रदेशसभाको बिहीबारको बैठकबाट दलीय सहमतिको आधारमा नेपाली कांग्रेसका तर्फबाट कृषि तथा भूमि व्यवस्थापन समितिको सभापतिमा सञ्जयकुमार यादव र प्रदेश मामिला समितिको सभापतिमा नेकपा (एकीकृत समाजवादी) का तर्फबाट रत्नेश्वरलाल गोईतलाई सर्वसम्मतरुपमा चयन गरिएको हो ।

नवनिर्वाचित सभापतिलाई सभामुख रामचन्द्र मण्डलले बिहीबारै पद तथा गोपनीयताको शपथ गराउनुभएको छ । मधेश प्रदेशसभामा रहेका सात वटा विषयगत समितिमध्ये अर्थ तथा योजना समितिमा जनमत पार्टीका सतिशकुमार सिंह, प्राकृतिक स्रोत तथा वातावरण समितिमा नेकपा (माओवादी केन्द्र) का शारदा दास (पहाडी), महिला बालबालिका तथा सामाजिक न्याय समितिमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का रुपाकुमारी यादव, विकास समितिमा जनता समाजवादी पार्टी (जसपा) का सारदा शङ्करप्रसाद कलवार र सार्वजनिक लेखा समितिमा नेकपा (एमाले) का मञ्जुकुमारी थापामगर सभापति चयन भइसक्नुभएको छ ।

# डिजेल, पेट्रोलको मूल्य घट्यो

**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**

नेपाल आयल निगमले डिजेल र पेट्रोलको मूल्य घटाएको छ । इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट खरिद मूल्य घटेर आएपछि निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको हो ।

शुक्रबार बिहान १ बजेदेखि लागू हुने गरी साबिकको खुद्रा बिक्री मूल्यमा पेट्रोलमा प्रतिलिटर रु दुई तथा डिजेल/मट्टितेलमा प्रतिलिटर रु ४ ले घटाइको निगमले जनाएको छ।

निगमले पहिलो, दोस्रो र तेस्रो वर्गका क्षेत्रमा पेट्रोलको मूल्य प्रतिलिटर क्रमश : एक सय ६७ रुपैयाँ ५० पैसा, एक सय ६९ रुपैयाँ र एक सय ७० रुपैयाँ तोकेको छ । यस्तै पहिलो, दोस्रो र तेस्रो वर्गका क्षेत्रमा डिजेल/मट्टितेलको मूल्य प्रतिलिटर क्रमश: एक सय ५७ रुपैयाँ ५० पैसा, एक सय ५९ रुपैयाँ र एक सय ६० रुपैयाँ कायम गरेको छ ।

## *समुदायको ...*

छैन । ती सङ्क्रमित पत्ता लगाई नियमित उपचारमा ल्याउनका लागि समस्या रहेको छ ।

यस्तै, एचआइभी सङ्क्रमितको भाइरल लोड परीक्षणको सेवामा पहुँच बढाउनका लागि सातवटै प्रदेशमा भाइरल लोड परीक्षण सेवा विस्तार गर्नुपर्दछ । केन्द्रका निर्देशक डा ठाकुरले एचआइभी सङ्क्रमितहरूलाई प्राथमिकतामा राखी सिकिस्त सङ्क्रमितक र स्वस्थ सङ्क्रमितहरू केन्द्रित उपचारका सेवाहरू सञ्चालन गर्ने र उपचार कार्यक्रमको प्रभावकारिता निगरानी गर्नका लागि सूचना प्रणालीलाई सुदृढीकरण गरी प्रमाणमा आधारित विभिन्न तहहरूमा उपचारका कार्यक्रमहरू सञ्चालन गर्ने तयारी भइरहेको बताउनुभयो । यस्तै एचआइभी उपचारका औषधिहरूको आपूर्तिलाई प्रभावकारी पूर्वानुमान गरी चुस्तदुरुस्त बनाउने आवश्यक रहेको छ ।

**विश्वमा दैनिक तीन हजारभन्दा बढी सङ्क्रमित**

विश्वमा सन् १९८१ मा पहिलो एचआइभी सङ्क्रमित भएदेखि सन् २०२२ को अन्त्यसम्म आठ करोड ५६ लाख व्यक्ति एचआइभीबाट सङ्क्रमित भइसकेका छन् । त्यसैगरी, चार करोड चार लाख व्यक्तिको एड्सका कारणले मृत्यु भइसकेको छ । विश्वमा हरेक दिन तीन हजार ६ सय जनामा नयाँ सङ्क्रमित पुष्टि हुने गर्दछ ।

सन् २०२२ मा मात्रै करिब छ लाख ३० हजार व्यक्तिको एड्सका कारणले मृत्यु भएको अनुमान छ । जुन सन् २०१० को तुलनामा ५१ प्रतिशतले कम हो । सन् २०१० मा १३ लाख व्यक्तिको एड्सका कारणले मृत्यु भएको अनुमान थियो । नेपालसहित विश्वभर नै डिसेम्बर १ तारिखमा विश्व एड्स दिवस मनाउने गरिन्छ । यस वर्ष 'समुदायको नेतृत्वमा एड्स अन्त्य गरौं' भन्ने नाराका साथ नेपालमा पनि विभिन्न कार्यक्रमका साथ विश्व एड्स दिवस मनाईदैछ ।

## *जनमत पार्टीको ...*

र पालिकाको प्रक्रिया पुऱ्याई गरिएको अधिवेशनको आधिकारिक माइन्युट तयार गर्ने, चैत ३ गते जिल्ला अधिवेशन र आगामी वैशाख ३० गते प्रदेश अधिवेशन गर्ने गरी कार्यतालिका बनाइएको उहाँले जानकारी दिनुभयो ।

सो पार्टीका सचिव विपी साहले बिहीबार बसेको सचिवालयको बैठकले अधिवेशनको मिति तय गरेको जानकारी दिनुभयो । डा सिके राउतको नेतृत्वमा जनमत पार्टी स्थापना भएपछि यसको दोस्रो अधिवेशन गर्न लागिएको हो ।


हनुमाननगर कंकालिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमाननगर, सप्तरी
मधेश प्रदेश, नेपाल

आ.व. २०८०/८१ मा आन्तरिक आय संकलन गर्ने ठेक्का बन्दोबस्त सम्बन्धी शिलबन्दी दरभाउपको सूचना

**दोश्रो पटक प्रकाशित : २०८०।०८।१५**

हनुमाननगर कंकालिनी नगरपालिकाको राजश्व परामर्श समिति र कार्यपालिका बैठकको निर्णयानुसार आन्तरिक आय संकलनार्थ आ.व.२०८०/८१ को बाँकी अवधिको लागि ठेक्का बन्दोबस्त गर्न आवश्यक भएकोले तपसिल बमोजिमको शर्तको अधिनमा रहि इच्छुक फर्म/व्यक्तिहरुबाट तोकिएको समयभित्र ठेक्का लिन चाहेको ठेक्काको दरभाउपत्र यस नगरपालिकाको कार्यालयमा तोकिएको मितिमा दाखिला गर्न यो दरभाउपत्र सूचना प्रकाशित गरिएको छ ।

ठेक्काको विवरण :-

| ठेक्का नं. | ठेक्का सम्वन्धि विवरण | न्युनतम ठेक्का अंक (मु.अ.कर सहित) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| राजश्व/१/२०८०/८१ | नगरपालिका क्षेत्रबाट निकासी हुने कृषि जन्य वस्तुको निकासी कर | ७,००,०००।- | १,०००।- |
| राजश्व/२/२०८०/८१ | माछा, पशुपंक्षी तथा चौपाया निकासी कर | ५,००,०००।- | १,०००।- |
| राजश्व/३/२०८०/८१ | पुर्वाधार सेवा शुल्क | १,५०,०००।- | १,०००।- |
| राजश्व/४/२०८०/८१ | कवाडी जन्य वस्तु निकासी कर | ५०,०००।- | १,०००।- |

१. दरभाउपत्र साथ कबोल गरेको रकमको ५ प्रतिशतको हुने पाउने रकम धरौटी बापत हनुमाननगर कंकालिनी नगरपालिकाको रा.बा.बैंक, हनुमाननगरको धरौटी खाता नं. २२३०१००३०३००००२ मा जम्मा गरेको सक्कली बैंक भौचर संलग्न गर्नुपर्नेछ ।
२. दरभाउपत्र साथ पेश गर्ने व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र फर्मको हकमा इजाजत प्राप्त प्रमाण पत्रको प्रतिलिपी, नविकरण तथा कर चुक्ता/म्याद थप र PAN/VAT दर्ता प्रमाणपत्र लगायत प्रमाणित कागजात संलग्न गर्नुपर्नेछ ।
३. प्रत्येक ठेक्काको लागि तोकिएको दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने) गरि तिरी नगरपालिकाको कार्यालयबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।
४. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार हनुमाननगर कंकालिनी नगरपालिकामा सुरक्षित रहनेछ ।
५. ठेक्का स्वीकृत हुने दरभाउपत्र दाताले आफुले कबोल गरेको स्विकृत ठेक्का रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा मु.अ. कर बाहेक कुल ठेक्का रकमको १०(दश) प्रतिशत छुट दिइनेछ ।
६. दरभाउपत्र फारम प्रथम पटक सूचना भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ भने शिलबन्दी दरभाउपत्र सूचिमा सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १ बजेभित्र दर्ता गर्न सकिनेछ ।
७. दर्ता भएको शिलबन्दी दरभाउपत्रहरु १६ औं दिनको २ बजे खोलिने छ । सो दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलि पल्ट खरिद, दर्ता र खोलिने कार्य हुनेछ ।
८. ठेक्का स्वीकृत हुने दरभाउपत्र दाताले आफुले कबोल गरेको स्वीकृत ठेक्का रकमको पहिलो किस्ता ४० प्रतिशत बापत बुझाएको नगद रकम कट्टा गरी बाँकी बुझाउनु पर्ने रकम बराबर धरौटी स्वरुप बैंक ग्यारेण्टी वा जग्गा धितो जमानत राख्नु पर्नेछ अन्यथा ठेक्का सम्झौता गरिने छैन ।
९. निकासीहुने वस्तु तथा सवारीको दररेट तथा संकलन हुने स्थान नगरपालिकाले तोके बमोजिम हुनेछ ।
१०. यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
११. अन्य थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयमा उपस्थित हुनु पर्ने वा फोन नं. ९८६२९६५५२७/९८१४७४०३९९ मा सम्पर्क गर्न सकिनेछ ।


## विश्व समाचार

# युद्धविरामको समयसीमा सकिएसँगै इजराइलद्वारा गाजामा पुन: सैन्य कारबाही सुरु

गाजापट्टी (प्यालेस्टिनी अधीनस्थ क्षेत्र), १५ मङ्सिर (रासस/एएफपी) ।

इजराइली सेनाले गाजामा आफूले पुन: हमला सुरु गरेको शुक्रबार बताएको छ । इजराइल र हमासबीच युद्धविराम समाप्त भएको र त्यसलाई बढाउनका लागि कुनै सम्झौता नभएपछि गाजा सहरमा हवाई हमला र तोप प्रहार गरिएको सूचना प्राप्त भएको छ ।

"हमासले जारी विरामको उल्लङ्घन गरेको छ, यसका साथै उसले इजरायली क्षेत्रतर्फ गोली हानेको छ", इजराइली सेनाले भनेको छ, "आइडिएफ (इजराइली सुरक्षा बल) ले गाजापट्टीमा हमास लडाकू समूहविरुद्ध पुन: लडाइँ सुरु गरेको छ ।"

उक्त घोषणा गाजाबाट प्रहार गरिएको एउटा रकेटलाई रोकेको बताएको केही मिनेटपछि आएको हो । सो रकेट आक्रमण युद्धविरामको पहिलो दिन केही मिनेटमा क्षेप्यास्त्र प्रहार गरेपछिको उक्त क्षेत्रमा पहिलो थियो ।

गाजाभित्र रहेका एएफपीका एक पत्रकारका अनुसार इजराइली लडाकू विमानहरूले धेरै हमला गरेका छन् र गाजा सहरमा तोप प्रहार भएको छ । युद्धको पुन: सुरुआतले सात दिने युद्धविरामको विस्तारको अपेक्षाहरूलाई धरासायी बनाएको छ । सम्झौताअन्तर्गत प्यालेस्टिनी बन्दीको रिहाइको बदलामा हमासबाट दर्जनौं बन्धकलाई रिहा गरिएको थियो । युद्धविरामले क्षतिग्रस्त गाजापट्टीमा थप सहयोगका लागि अनुमतिसमेत दिएको छ ।

बिहीबार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले इजराइली र प्यालेस्टिनी अधिकारीहरूसँग भेटेर शत्रुता रोक्ने क्रमलाई बढाउन आह्वान गर्नुभएको थियो । साथै उहाँले युद्धको कुनै पनि सुरुआतले प्यालेस्टिनी नागरिकको रक्षा हुनुपर्ने चेतावनी दिनुभयो ।

युद्धविरामले अक्टोबर ७ देखि सुरु भएको युद्धलाई रोकेको थियो । हमासका लडाकूहरू गाजाको सैन्यकृत सीमा तोडेर इजराइलमा पसेपछि युद्ध सुरु भएको थियो । इजराइली अधिकारीहरूका अनुसार अचानक भएको हमलामा अधिकांश सर्वसाधारणसहित एक हजार दुई सयको मृत्यु भएको थियो भने हमास लडाकूहरूले करिब दुई सय ४० मानिसलाई अपहरण गरेका थिए ।

जवाफमा इजराइलले हमासलाई निमिटचान्न पार्ने वाचा गर्दै गाजामा हवाई र स्थल आक्रमण सुरु गर्‍यो । हमास सरकारका अनुसार इजराइली हमलामा अधिकांश सर्वसाधारणसहित १५ हजारभन्दा बढी मानिसको मृत्यु भएको छ । कतारको मध्यस्थतामा भएको युद्धविरामका क्रममा दुई सय ४० प्यालेस्टिनी बन्दीहरूको बदलामा ८० इजराइली बन्धकलाई मुक्त गरिएको थियो । इजराइलमा बसोबास गर्ने २० भन्दा धेरै थाईलाई सम्झौताको दायराभन्दा बाहिर रहेर मुक्त गरिएको थियो । दुई महिलालाई मुक्त गरिएको केही घन्टापछि रातारात थप छ इजराइलीलाई रिहा गरिएको थियो । ती इजराइलीसँग दोहोरो राष्ट्रियता थियो ।

यसबाट बिहीबार रिहा हुने कूल मानिसको सङ्ख्या आठ भएको छ । यो युद्धविराम सम्झौताअन्तर्गत हमासले रिहा गर्नका लागि आवश्यक प्रतिदिन १० बन्धकभन्दा कम हो । हमासको एक निकट स्रोतका अनुसार उसले सातौं खेपको हिस्साका रूपमा बुधबार रिहा गरिएका दुई रुसी-इजराइली महिलालाई गणना गरेको छ ।

# इराकमा बन्दुकधारीको आक्रमणबाट ११को मृत्यु

बग्दाद, १५ मङ्सिर (रासस/सिन्ह्वा) ।

इराकको पूर्वी प्रान्त दियालामा बिहीबार अज्ञात बन्दुकधारीहरूले सर्वसाधारणको एउटा कारमा आक्रमण गर्दा ११ जनाको मृत्यु भएको र अन्य नौ जना घाइते भएको एक सुरक्षा अधिकारीले बताएका छन् ।

दियाला प्रान्तीय कमान्ड अला अल-सादीका अनुसार इराकी राजधानी बगदाददेखि करिब ९० किलोमिटर उत्तरपूर्वी सहर बजिहियि नजिकैको एउटा गाउँमा उक्त कार सडक किनारामा राखिएको बमसँग ठोक्किएको थियो । त्यसपछि कारमा अज्ञात बन्दुकधारीहरूले गोली चलाएका थिए ।

कारमा भएको दोहोरो हमलामा उनीहरूको मृत्यु भएको अल-सादीले बताउनुभयो । घाइतेमध्ये पाँच जनाको अवस्था चिन्ताजनक रहेको बताइएको छ । जातीयरूमा मिश्रित दियाला प्रान्तले सन् २००३ पछिका वर्षहरूमा कुर्दिश, सुन्नी र सिया समुदायहरूबीचको अशान्ति र छिटपुट हिंसाको सामना गरिरहेको छ । आतङ्कवादी समूह इस्लामिक स्टेट (आइएस) का केही अवशेषहरूले समयसमयमा सर्वसाधारण र इराकी सुरक्षा बलविरुद्ध हमला गर्दै आएका छन् । उनीहरू दियाला प्रान्तको पूर्वी भाग र प्रान्तको उत्तरमा रहेको हिमरिन पहाडी क्षेत्रमा सङ्गठित भएका छन् ।

# रुसद्वारा युक्रेनमा ड्रोन तथा क्षेप्यास्त्र आक्रमण

किएभ, १५ मङ्सिर (रासस/एएफपी) ।

रुसी सेनाले पछिल्लो हमलामा मुलुकका दक्षिण र पूर्वमा दुई दर्जनभन्दा बढी इरान निर्मित ड्रोन र क्षेप्यास्त्र प्रहार गरेको युक्रेनले शुक्रबार बताएको छ । किएभका अधिकारीहरूका अनुसार जाडोका महिनाहरूमा युक्रेनको सङ्घर्षशील ऊर्जा ग्रिडमा व्यवस्थित हमलाका लागि रुसी सेनाले ड्रोन र क्षेप्यास्त्र जम्मा गरिरहेको छ । दक्षिणी क्षेत्रमा १८ ड्रोन र एउटा क्षेप्यास्त्र खसाएको दाबी गर्दै हवाई सेनाले भनेको छ, "समग्रमा दुश्मनले दुई वटा एक्स-५९ क्षेप्यास्त्र र २५ शाहिद-१३६/१३१ आक्रमणकारी ड्रोनको प्रयोग गरेको थियो ।"

अघिल्लो जाडोयाममा युक्रेनको ऊर्जा पूर्वाधारमा रुसी हमलाका कारण लाखौं मानिस लामो समयसम्म जाडो र अन्धकारमा बसेका थिए । किएभले पश्चिमी हतियारका साथ उसको हवाई रक्षा प्रणालीहरूलाई बलियो बनाएको छ । यद्यपि उसले कमजोर क्षेत्रका लागि थप हतियार आवश्यक परेको स्वीकार गरेको छ ।

# महिलालाई सचेतनामुलक कक्षा संचालन तथा कृषि उपज सामग्री प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

"लैङ्गिक हिंसा अन्त्यको सुनिश्तिता: महिला बालबालिकामा लगानीको एक्यबद्धता" नाराकका साथ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत शुक्रबार सप्तरीको दुई पालिकामा सचेतनामुलक कक्षा संचालन तथा कृषि उपज सामग्री प्रदान गरिएको छ ।

खाद्य तथा कृषि संगठन (फुड एण्ड एग्रीकल्चर अर्गनाईजेशन, संयुक्त राष्ट्र संघ) काठमाडौंद्वारा छिन्नमस्ता गाउँपालिका ५ लोखरम तथा तिलाठी कोईलाडी गाउँपालिका ३ को वडा कार्यालयमा सो कार्यक्रम आयोजना गरिएको हो ।

लोखरममा आयोजित कार्यक्रममा महिलामाथी हुने हिंसा, छोरा छोरी बीच विभेद, दाईजो प्रथा, बालविवाह, घरेलु हिंसा, यौनजन्य दूर्व्यहार लगायतका विकृति अन्त्य गर्ने विषयमा स्थानीयहरुलाई भेला गराई कक्षा संचालन मार्फत संदेश प्रवाह गरिएको छ ।

महिलाहरुले नै सहजिकरण गरेको कार्यक्रममा यस प्रकारका समाजिक कुरिती समाप्त गर्न तथा विभेद र हिंसामा परेमा त्यसलाई लुकाउनु भन्दा पनि प्रचलित कानून अनुसार कानुनी प्रक्रिया र मुदाका लागी अग्रसरता लिनु पर्नेमा जोड दिइएको थियो ।

महिला अभियन्ता एवं कृषि प्रशिक्षक ममता साह, कार्यक्रम संयोजक श्रेया थपालिया र आयोजक संस्थाकी सञ्चार सहायिकका रोजीता मिश्रले सहजीकरण गरेको कार्यक्रमको अन्त्यमा स्थानीय महिला कृषकहरुका लागी विभिन्न तरकारीका २४ सय प्याकेट विउ वितरण गरिएको बताए ।

यसैगरी तिलाठी कोइलाडी गाउँपालिकामा पनि यस्तै सचेतना मुलक कार्यक्रमको आयोजना गरी २२ मेट्रिक टन गहुँको बिउ वितरण गरिएको संयोजक थपलियाले जानकारी दिईन । ग्रामिण महिलाको आर्थिक सशक्तीकरण परियोजना अन्तर्गत उक्त कृषि सामग्री वितरण गरिएको उनको भनाई छ ।

तिलाठी कोइलाडी गाउँपालिका तथा छिन्नमस्ता गाउँपालिको समन्वयमा आयोजित कार्यक्रममा कृषि ज्ञान केन्द्र सप्तरीका निमित्त प्रमुख किशन देव राउत, वडाअध्यक्ष जय प्रकाश ठाकुर, रमेश मुखिया, प्रेस स्वतन्त्रता सेनानी बैद्यथाथ झा, नेपाल पत्रकार महासंघका राष्ट्रिय परिषद सदस्य मनोज कुमार माझी लगायतको पनि उपस्थिती रहेको थियो ।

# पूर्वमन्त्री रायमाझी, सचिव पाण्डे, राईसहित ९ जना पुर्पक्षका लागि थुनामै रहने

**दैनिक समाचारदाता**
**काठमाडौं, १५ मंसिर ।**

उच्च अदालत, पाटनले नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वमन्त्री टोपबहादुर रायमाझीसहित ९ जनालाई पुर्पक्षका लागि थुनामा राख्न काठमाडौं जिल्ला अदालतले गरेको आदेश सदर गरेको छ ।

न्यायाधीश जनक पाण्डे र प्रकाश खरेलको संयुक्त इजलासले रायमाझीसँगै तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सल्लाहकार इन्द्रजित राई, पूर्वगृह सचिव टेकनारायण पाण्डे, केशव दुलाल, आङटावा शेर्पा, सानु भण्डारी, सन्देश शर्मा, गोविन्दकुमार चौधरी र सागर राईलाई थुनामा राख्ने जिल्ला अदालत, काठमाडौंको आदेश सदर गरेको हो ।

काठमाडौं जिल्ला अदालतले गत असार १ मा गरेको थुनछेकको आदेशलाई बेरितको भन्दै उक्त आदेश बदर गरी सामान्य तारिखमा मुद्दामा पुर्पक्ष गरीपाउँ भनेर प्रतिवादीका तर्फबाट उच्च अदालतमा दिइएको निवेदनमा गत मंगलबारदेखि नियमित सुनुवाइ जारी थियो । सुनुवाइ बिहीबार सकिए पनि फैसला शुक्रबार मात्रै आएको हो ।

यस प्रकरणमा पुर्पक्षका क्रममा थुनामा रहेका भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, पूर्वगृहमन्त्री बालकृष्ण खाणका स्वकीय सचिव नरेन्द्र केसी, पूर्वमन्त्री रायमाझीका छोरा सन्दीपलगायत पनि धरौटीमा छुट्ने भएका छन् ।

## *प्रतिष्ठान निर्माणका ...*

पनि अलपत्र छाडिएको प्रतिष्ठानको निर्माणको काम रोकिदा पनि सरकारले कुनै वास्ता नगरेकाले सरकारको ध्यानाकर्षण गराउन चरणबद्ध रुपमा आन्दोलन गर्दै आएका छन् ।

आन्दोलन परिचालन समितिका संयोजक सत्येन्द्र यादवले शान्तिपूर्ण आन्दोलनबाट पनि मागको सुनुवाई नभए दोश्रो चरणमा आन्दोलनमा थप सशक्त कार्यक्रमहरु घोषणा गरिने तयार गरिएको जानकारी समेत दिए ।

यता प्रतिष्ठान निर्माणको काम अविलम्ब सूचारु गर्नुपर्ने माग राखी स्थानीयवासीद्वारा गठित संघर्ष समितिले गत २६ असोजदेखी थालेको रिले अनशनलाई ४९ औं दिन बिहीबार पनि निरन्तरता दिएको छ ।

युवाहरुले सोमबार दबाबमूलक ¥याली, मंगलबार सिटी जुलुस, बुधबार दिउँसै टर्च बालेर नेता सांसदहरुको खोजि, बिहीबार र शुक्रबार धर्ना कार्यक्रम गरेर पहिलो चरणको आन्दोलन सम्पन्न गरेको तथा दोश्रो चरणको आन्दोलन पुन: बैठक बसी तय गरिने जनाइएको छ ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# चालकसहित सात वटा ट्याक्टर र एक जेसीभी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**सिरहा, १५ मंसिर ।**

सिरहाको धनगढीमाई नगरपालिका वडा नं. १२ सर्रे खोलाबाट शुक्रबार डभिजिन वन कार्यालय लहान सिरहाले अवैध रुपमा नदी उत्खनन् गरी नदीजन्य सामाग्री लगरिहेको अवस्थामा चालकसहित सात वटा ट्याक्टर र एउटा जे.सी.भी. नियन्त्रणमा लिएको छ ।

जिल्ला समन्वयन समिति सरिहाका प्रमुख दिनेश कुमार महतोको नेतृत्वमा डिभिजन वन कार्यालय प्रमुख सुजित कुमार झासहितको टोलीले शुक्रबार विहान नियन्त्रणमा लिएको सव डभिजिन कार्यालय धनगढीका नमित्ति प्रमुख कासिन्दर यादवले जानकारी दिएका छन् ।

सवारी साधनसहित पक्राउ परेकाहरु धनगढीमाई नगरपालिका वडा नं. ९ का मंजित यादव, नरहा गाउँपालिका वडा नं. २ का फुलकुमार यादव, बरियारपट्टी गाउँपालिका वडा नं. २ का संदिप कुमार महतो, धनगढीमाई नगरपालिका वडा नं. ४ का रामकुमार यादव, धनगढीमाई नगरपालिका वडा नं. १२ का अरविन्द कुमार यादव, धनगढीमाई नगरपालिका वडा नं. १० का इन्द्रजित महतो, धनगढीमाई नगरपालिका वडा नं. १२ का रमन किशोर यादव र पुरुषोत्तम यादव रहेको डिभिजन वन कार्यालय लहानले जनाएको छ ।

यता उक्त खोलाको ठेक्का आफूले ७७ लाखमा नगरपालिकासँग सकार गरेको बरुण कन्ट्रक्सन धनगढीमाई १३ का प्रोप्राइटर प्रदीप यादवले दावी गरेका छन् । उनका अनुसार गत साल नै खोलाको किनारमा डम्पिंग गरेर राखेको ग्राभेल ट्याक्टरमा लोड गरिरहेको अवस्थामा रिसिवी साध्न जबरजस्ती चालकसहति सवारी साधन नियन्त्रणमा लिएको सम्बन्धित निकायप्रति आरोप लगाएका छन् ।

नियन्त्रणमा लिएको चालक सहितका सवारी साधनलाई सव डिभिजन कार्यालय धनगढीमा राखी थप अनुसन्धान गरिरहेको छ ।

# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनत: विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वत:बदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*